यो ठाउँ नियमित
विज्ञापनका लागि
खाली छ ।
सम्पर्क: ०६१–५३६४५५

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ८ ○अंक ३८ ○श्रेणी 'क' ○२०७२ कार्तिक १५ गते आइतबार ○ 1 Nov. 2015 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

खुशीको खबर !!!
योग निद्रा सिकेर आफूलाईं रोगमुक्त राख्नुहोस् ।
नेपाल र पोखरामा पहिलो पटक ।
शरीर मन र आत्माको जुनसुकै रोग निवारण हुन्छ ।
शुल्क मात्र रु.१०००।- मात्र आफै आफूलाई रोगमुक्त गराउने एकमात्र ।
सिक्नुहोस्, सिक्नुहोस्, सिक्नुहोस्...र रोगमुक्त हुनुहोस् ।
मोवाइल : ९८१६१०२२१६

उपराष्ट्रपतिमा नन्दबहादुर विजयी

गोल्डेन न्यूज संवाददाता
काठमाडौं १४ कार्तिक ।

एकीकृत नेकपा माओवादीका स्थायी समिति सदस्य नन्दबहादुर पुन पासाङ उपराष्ट्रपतिमा निर्वाचित भएका छन्। एमाओवादीका स्थायी समिति सदस्य पुन शनिबार संविधानसभा भवनमा भएको निर्वाचनमा नेपाली काँग्रेसका सांसद् अमियकुमार यादवलाई पराजित गरी उपराष्ट्रपतिमा निर्वाचित भएका हुन्। व्यवस्थापिका संसदमा ५ सय ९६ जना सांसद् रहेकामा पुनले ३ सय २५ मत पाएका थिए। पुनले पाएको मत खसेको मतको ५४ दशमलव ५३ प्रतिशत हो। निर्वाचनमा ५ सय ४७ मत खसेको थियो। खसेको मतमध्ये १० मत भने बदर भएको छ। पुनका प्रतिद्वन्दी नेपाली काँग्रेसका उमेद्वार अमियकुमार यादवले २ सय १२ मत पाए । काँग्रेससँग २ सय ७ जना सांसद रहेकामा दुई जना अनुपस्थित भएकाले यादवले अन्य दलका ७ जना सांसद्को मात्र मत पाएका हुन्। यसअघि राष्ट्रपतिको निर्वाचनमा काँग्रेस उम्मेद्वार कुलबहादुर गुरुङले २ सय १४ मत ल्याएका थिए। निर्वाचनपछि शनिबार अपरान्ह बसेको व्यवस्थापिका संसद्को बैठकमा सभामुख ओनसरी घर्तीले पुन उपराष्ट्रपतिमा निर्वा्चित भएको घोषणा गरिन्। सभामुख घर्तीले मत परिणाम सार्वजनिक गरिरहँदा पुन दर्शकदीर्घामा बसेका थिए। सांसद्हरुले नवनिर्वाचित उपराष्ट्रपति पुनलाई संविधानसभा भवनको शंकर हलमा बधाइ दिएका थिए । गणतन्त्र नेपालको दोस्रो उपराष्ट्रपति बनेको पुनले तत्कालीन माओवादीले संचालन गरेको जनयुद्धमा लडाकुहरुको कमाण्डरको जिम्मेवारी सम्हालेका थिए। तत्कालीन माओवादीका लडाकुहरुलाई नेपाली सेनामा समायोजन गरिएकामा सक्रिय राजनीति गर्न भन्दै पुनले सेनामा जान अस्वीकार गरेका थिए। राजनीतिमा सक्रिय हुन भन्दै दोस्रो संविधानसभा निर्वाचनमा काठमाडौंको निर्वाचन क्षेत्र नम्बर ४ बाट उम्मेद्वार बनेका पुन नेपाली काँग्रेसका युवा नेता गगन थापासँग फराकिलो अन्तरले पराजित भएका थिए।

उपराष्ट्रपतिमा निर्वाचित नन्दकिशोर पुन 'पासाङ'ले परिचित उनको वास्तविक नाम भने नन्दबहादुर पुन हो । पासाङ भने जनयुद्धले जन्माएको नाम हो । जनयुद्धको तयारी र सुरुआतको चरणमा लिफङबाट परिचित उनीपछि पासाङ बनेका हुन् । राङसी-९, रोल्पामा २०२२ कात्तिक ७ गते बुवा रामसुर र आमा मनसरा पुनको कोखबाट जन्मनु भएका उनी पाँच भाईमध्ये माइला छोरा हुन् । उनका तीन जना तीन दिदी बहिनी छन् । किसान परिवारका रामसुरलाई छोराहरु पढाउन निकै मुस्किल थियो । एकातिर धेरै सन्तान अर्कोतिर गाउँका ठालुहरुले सम्पत्ति खोसिदिनु । त्यसका बाबजुद पनि सबै छोराहरुलाई अध्ययन गराए । उनका बाबुले खोसिएको सम्पत्ति पनि प्यूठान अड्डाबाट मुद्दा जितेर फिर्ता लिए । पाँचै भाई छोरालाई रामसुरले त्यसबेला नै आईए भन्दा माथिको अध्ययन गराए ।

८२ वर्षीय मनसुर अझै पनि गाउँमा कृषिमा सक्रिय छन् । पासाङको जेठा दाजु वीरबहादुर पुन ईन्जिनियर, साईलो भाई भीमप्रकाश पुन उच्च माविको प्राचार्य, काईलो भाई दिपक पुन शिक्षण पेशा छाडेर खेती किसानीमा छन् । कान्छो भाई कमल भने अखिल (क्रान्तिकारी) का केन्द्रीय सदस्य हुँदा ०५९ मा राज्यले मारिदियो । जनयुद्धमा उनकी श्रीमति हस्तामाली पुन स्थानीय पार्टी कमिटिमा रहेर काम गरेकी थिइन । उनका छोराहरु पनि सानै उमेरमा पढाई छाडेर बन्दुक बोकेर जनयुद्धमा सहभागी भए ।

प्रचण्ड निवासमा बास

नवनिर्वाचित उपराष्ट्रपति नन्दकिशोर पुन 'पासाङ' बानेश्वरबाट सिधै लाजिम्पाटस्थित एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' निवास पुगेका छन् । शनिबार ससंदमा भएको निर्वाचनमा उपराष्ट्रपति निर्वाचित भएलगत्तै पासाङ कारगेटमा चढेर प्रचण्ड निवास पुगेका हुन् । एमाओवादी पूर्वलडाकु कमाण्डर तथा स्थायी समिति सदस्य उनले सपथग्रहण अघि आइतबार मात्र पार्टीगत संलग्नता परित्याग गर्ने प्रचण्डका स्वकीय सचिव चुडामणि खड्काले बताए । पासाङ पुत्र दीपेश पुनले सुरक्षाका कारण उपराष्ट्रपति लाई प्रचण्ड निवासमा बस्ने व्यवस्था मिलाइएको जानकारी दिए । भूकम्पले बसेको घर भत्केपछि पासाङ गत वैशाखदेखि नै कपनमा अस्थायी टहरा बनाएर बस्दै आएका थिए । त्यस क्रममा पासाङले उपराष्ट्रपतिजस्तो गरिमामय जिम्मेवारी दिएको भन्दै प्रचण्डलाई धन्यवाद दिए । प्रचण्डले पदीय जिम्मेवारी र मर्यादमा बसेर काम गर्न सुझाव दिँदै कार्यकाल सफलताको कामना गरेका छन् ।

सभामुखले त्रुटि गर्दा...

सभामुख ओनसरी घर्तीले व्यवस्थापिका-संसदमा शनिबार एमाओवादी पूर्वलडाकु कमाण्डर नन्दकिशोर पुन 'पासाङ' लाई उपराष्ट्रपतिमा निर्वा्चित भएको घोषण गर्दा गम्भीर त्रुटि गरिन् । उनले उपराष्ट्रपतिलाई राष्ट्रपति भनेर सम्बोधन गरेपछि धैरै सांसद अक्क न वक्क भए । एमाओवादी सांसदहरु लाजले रातो भए पनि एमालेका केही र काँग्रेसका अधिकांश सांसद् गलल हाँसे । उनले पासाङ र काँग्रेसका अमियाप्रसाद यावदले प्राप्त गरेको मत संख्या सुनाउने क्रममा 'उपराष्ट्रपति पदका उम्मेदवार' भन्नुपर्नेमा राष्ट्रपति पदका उम्मेदवार भनेकी थिइन् । संसदमा सबै हाँस्दासमेत उनले गल्ती गरेको पत्तै पाइनन् । सँगै रहेका संसद सचिवालयका महासचिव मनोहर प्रसाद भट्टराई सहितका कर्मचारीले समेत गल्ती भएको संकेत दिएनन् । यसअघि गत ११ कात्तिकमा भएको राष्ट्रपति निर्वाचनमा समेत उनले गल्ती गरेर क्षमासमेत मागेकी थिइनन् । त्यस क्रममा उनले सत्तारुढ दलका तर्फबाट साझा उम्मेदवार रहेकी तत्कालिन एमाले उपाध्यक्ष विद्यादेवी भण्डारीले राष्ट्रपति निर्वाचनमा पाएको मत ३ सय २७ भन्नुपर्नेमा २ सय २७ मात्र भनेकी थिइन् । उक्त प्रसंग सेलाउन नपाउँदै सभामुखले अर्को गल्ती गरेकी हुन् ।

उपराष्ट्रपतिको यात्रा

माहिलो छोरो काठमाडौंमा उपराष्ट्रपति चुनिँदा रामसुर पुन रोल्पाको सुदूर गाउँ भन्भनेस्थित मूल घरमा गोरुलाई घाँस हाल्दै

बाँकी अन्तिम पृष्ठमा......

एभियाको नयाँ जहाज भित्रियो

गोल्डेन न्यूज संवाददाता
पोखरा १४ कार्तिक ।

पोखराको आकाशमा १८ वर्ष देखि अल्ट्रालाइट जहाज मार्फत पर्यटकलाई सेवा दिदै आएको एभिया क्लव नेपालले नयाँ र फरक स्वरुपको जहाज भित्र्याएको छ । केहि दिनदेखि व्यवसायिक उडानमा रहेको 'ह्याङग्लाइडिङ' एभियाले नयाँ र भिन्दै स्वरुपको जहाज भित्रयाएको हो । हालै भित्रिएको यो जहाज 'फिक्सविङ' हो । एभियाले भित्र्याएको यो सातौं जहाज भएको एभियाका म्यानेजर रिजन रिजालका जानकारी दिए । अल्ट्रालाइट अन्तगर्तको 'ड्रयागन फ्लाइट' जहाज भित्रयाएको रिजालले बताए । अमेरिकामा बनेको यो जहाज व्यवसायिक रुपमा दृश्यावलोकन र 'ह्याङग्लाइडिङ' तथा 'स्काइडाइभ'मा प्रयोग गर्न सकिने उनले बताए । 'अहिले सम्मकै फरक खालको जहाज ल्याएका छौ । यसको आकार र स्वरुप अन्य भन्दा निकै भिन्न छ' रिजालले भने,-''ह्याङग्लाइडिङ' गर्दा यहि जहाजलाई प्रयोग गर्नेछौं ।' उनका अनुसार यो जहाजको मूल्य करिब एक करोड २५ लाख रुपैयाँ परेको छ । पोखराको आकाशमा लामो समयदेखि अल्ट्रालाइट र प्याराग्लाइडिङ उडान गरिरहेको एभिया क्लव नेपालले साहसिक पर्यटकीय प्रोडक्टको रुपमा केहिदिनपछि 'ह्याङग्लाइडिङ' उडान सुरु गर्ने तयारी गरेको छ । यसको सफल परीक्षण उडान समेत गरिसकेको छ । बिना इन्जिन ग्लाइडरमा चराजस्तै आकाशमा स्वतन्त्र रुपमा उडन मिल्ने ह्याङग्लाइडिङले पोखराको पर्यटन क्षेत्र बिस्तारमा थप मद्दत पुर्‍याउने भएकोले यो जहाज ल्याएको उनले बताए ।

सोलो (एकल) र टेण्डम (दुइजना) उड्न मिल्ने ह्याङग्लाइडिङ को एभियाले डेढवर्षअघि नै सराङकोटबाट सोलो उडानको परीक्षण गरेको थियो । केहि महिनाअघि लौरुकस्थित आफनै हवाइ मैदानबाट टेण्डम उडानको परीक्षण गरेको थियो । परीक्षणमा सोलो र टेण्डम दुवै उडान सफल भएको एभियाले जनाएको छ । 'ह्याङग्लाइडिङ' का लागि कम

बाँकी २ पृष्ठमा......

चिप्लेढुङ्गामा चिनारी भान्छाघर

गोल्डेन न्यूज संवाददाता
पोखरा १४ कार्तिक ।

पोखराको चिप्लेढुङ्गा, मानव अधिकारचोकमा सुविधा सम्पन्न नयाँ थकाली भान्छा संचालनमा आएको छ । आरके विल्डिङमा संचालनमा आएको चिनारी थकाली भान्सा रेष्टुरेन्ट एण्ड बारमा सुविधासम्पन्न सेमिनार हल समेत रहेको छ । सेमिनार हल करिब ५० जना मानिस अट्ने क्षमताको छ । यसअघि पनि रेष्टुरेन्ट व्यवसायमा संलग्न अमला भट्टचनले उक्त रेष्टुरेन्ट संचालनमा ल्याएकी हुन् । रेष्टुरेन्टमा एकै पटकमा करिब एक सय जनासम्मलाई खाना खुवाउन सकिने संचालक भट्टचनले बताइन । उनका अनुसार रेष्टुरेन्टमा आरामदायी महसूस गर्दै खाना खान सकिन्छ । पोखराको बजार क्षेत्रमा आकर्षक डिजाइन र सुविधायुक्त बस्ने स्थान रहेको र सुरुवातको समय भएकोले केही महिनासम्म सुपथ मूल्यमा सेवा प्रदान गरिने भट्टचनले बताइन । रेष्टुरेन्टमा बिहान बेलुकाको खानाका साथै विभिन्न परिकार सहितको खाजाको समेत सेवा पाइनेछ ।

अन्नपूर्ण हिमाल आरोहीको मृत्यु

गोल्डेन न्यूज संवाददाता
पोखरा १४ कार्तिक ।

अन्नपूर्ण प्रथम हिमाल आरोहणमा गएका एक अस्ट्रेलियन नागरिकको मृत्यु भएको छ । मुस्ताङ र म्याग्दीमा पर्ने अन्नपूर्ण प्रथमको आरोहणका लागि गएका ती आरोहीको ६ हजार मिटरको उचाइबाट खसेर मृत्यु भएको सीमा प्रहरी चौकी भुरुङ तातोपानीले जनाएको छ । मृत्यु हुने आरोहीको पहिचान हुन सकेको छैन । हिमाल आरोहणका लागि एकदमै सहज मानिने अन्नपूर्ण प्रथममा चार जनाको टोली चार दिनअघि त्यसतर्फ गएका थिए ।

सहकर्मी खसेर मृत्यु भएपछि उनका सहकर्मी आधा बाटोबाटै फर्किएको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) व्यवस्थापन समिति नारच्याङका अध्यक्ष तेज गुरुङले जानकारी दिए । 'सीमा प्रहरी चौकीमा हामीले खबर गरेका छौं, अप्ठ्यारो ठाउँमा रहेका कारण शव निकाल्न सक्ने अवस्था छैन', उनले भने । आधार शिविरसम्म पुग्नका लागि हेलिकप्टर अथवा मुस्ताङको कुञ्जो हुँदै घुमाउरो बाटो जानुपर्ने हुन्छ । पैदल जाँदा दुईदिन लाग्ने भएकाले अधिकांश आरोही हेलिकप्टरमार्फत सिधै त्यहाँ पुग्ने गर्दछन् । मृतक आरोहीको पहिचान र शव ल्याउने प्रयास भइरहेको सीमा प्रहरी चौकीले जनाएको छ ।

व्यवसायीद्वारा भारतीय खसीबोका बहिष्कार

गोल्डेन न्यूज संवाददाता
पोखरा १४ कार्तिक ।

नेपालीहरुलाई दु:ख दिने नियतले भारतले गरेको नाकावन्दी को विरुद्धमा पोखरेली खसी वोका सप्लायर्स तथा आयातकर्ताहरु भारतीय खसी वोका खरिद विक्री नगर्ने निश्कर्षमा पुगेका छन् । पोखरामा रहेको मासु जन्य व्यवसायी एवम् सरोकार वालाहरुको कार्तिक १३ गते वैठक वसेरै त्यस्तो निर्णय गरेपछि अव पोखरेली व्यापारी र उपभोक्ताले भारतीय खसी वोका वहिस्कार गर्ने पक्का भएको हो । भारत सरकारले नेपालमाथी अघोषित नाकावन्दी लगाएर पेट्रोलियम पदार्थ लगायत अत्यावस्यक र महत्वपूर्ण सामाग्री नेपाल पठाउन व्यापाक कटौती गरेपछि आफूहरुले भारतीय खसी वोका आयात नगर्ने निश्कर्षमा पुग्न वाध्य भएको पोखरा खसी वोका व्यवसायी समितिका अध्यक्ष ज्ञानवहादुर श्रेष्ठले वताए ।

पोखरामा खसी वोका आयात तथा सप्लाई गर्दै आएका सितलादेवी खसी वोका सप्लायर्सका सञ्चालक गोकर्ण भण्डारी नेपालमै उत्पादन वढाउन र खसीवोका वजारलाई आत्मनिर्भर वनाउने उद्देश्यले गरिएको निर्णय कार्यान्वयन गराउन आफूले भारतीय वजारको खसी वोका खरिद विक्री वन्द गरेको वताउँछन् । उनले भने "पोखरामा सुर्खेत, धनगडी, वर्दिया, दाङ वाट ल्याइएका खसी वोकाले धान्न सक्छ ।" कास्की खसी तथा कुखुरा मासु व्यवसायी समितिका अध्यक्ष भोलानाथ ओझा भारतीय खसी वोकाको मासुमा फाइदा केही वढि हुने भए पनि आफ्नै मुलुकका किसानलाई टेवा दिन र राष्ट्रियता को प्रश्न उठेकोले भारतीय खसीवोका विक्री नगर्ने निचोडमा पुगेको दावी गर्छन् । भारतले गरेको नाकावन्दीवाट नेपाली नागरिकहरुले पाठ सिक्दै जानु लाई सकारात्मक रुपमा हेरिएको छ । कुहिएको फल फूल तरकारी लगायत सड्ने गल्ने माल वस्तु सहजै जाँचपास गरेर नेपाल पठाउने तर अत्यावश्यक चिज वस्तु पठाउने कडाइ गर्न थाले पछि नेपालको अर्थ व्यवस्थामै नकारात्मक प्रभाव परेको छ । यसलाई आम नेपाली नागरिक र व्यवसायीहरुले राष्ट्रियताको सवालसँग जोडेर हेर्नु पर्ने अवस्था सिर्जना गरेको छ । मासु जन्य व्यवसायलाई आत्म निर्भर तुल्याउन सरकारले प्रोत्साहन नीति ल्याउन जरुरी छ । जिल्ला पशुसेवा कार्यालय कास्कीका प्राविधिक फडिन्द्र ढकाल ले पाठा पाठी उत्पादन वढाउन स्त्री चौपायलाई मासुमा प्रयोग नगर्न व्यवसायीलाई निर्देशन दिइएको वताए । ढकालले भने "पाठी र वाखीहरु मासुको लागि प्रयोगमा रोक लगाउन सकियो भने मासुको लागि नेपाल आत्म निर्भर वन्न सक्छ ।

गोल्डेन न्यूज
राष्ट्रिय दैनिक
अनलाइनमा पढ्न र सुनौलो एफ.एम. १०२.२ मेगाहर्ज सुन्न
Log on : www.goldennews.com.np

वविन टेलरिङ एण्ड सर्टिङ-सुटिङ

विगत १८ वर्षदेखि म्याग्दी जिल्लाको बेनीबजारमा संचालित बबिन टेलरिङ एण्ड सर्टिङ–सुटिङको शाखा पोखराको न्यूरोडस्थित भाटभटेनी सुपर मार्केटको आडमा पनि । विभिन्न ब्राण्ड र आकर्षक डिजाइनमा सुपथ मूल्यमा सर्टिङ–सुटिङका लागि एकपटक पुग्नैपर्ने ठाउँ ।

हाम्रो बाबाले सधैं बबिन टेलरिङमा सिलाउनुहुन्छ...

BABIN TAILORING & Shirting Suiting
HeadOffice: Hulak Chowk, Myagdi, Beni, Tel.: 069-520760
Branch: Newroad, Pokhara, Tel.: 061-527420
Email: babiinbagdash@yahoo.com,
Web: www.babintailors.com

■ गोरखालीहरू साना कदका हुन्छन् तर उनीहरूमा उदम्य साहस हुन्छ ।

- लर्ड नेपियर

सम्पादकीय . .

राष्ट्रपति भण्डारीको दायित्व

आधुनिक नेपालको ईतिहासमा पहिलो पटक जनताकी छोरी विद्या भण्डारी राष्ट्रपति भएकी छन् । संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान घोषणा भएपछि पहिलो पटक बुधवार भएको राष्ट्रपतिको निर्वाचनमा भण्डारी ३२७ मत प्राप्त गरी विजयी भएकी हुन् । यसरी उनी गणतन्त्र नेपालको पहिलो महिला राष्ट्रपति र गणतन्त्र नेपालको दोस्रो राष्ट्रपति भएकी छन् । नेकपा एमालेबाट निर्वाचित भण्डारका प्रतिद्वन्द्वी नेपाली कांग्रेसका उम्मेदवार कुलबहादुर गुरुङले २१४ मत पाएका छन् । भण्डारीलाई सत्तारुढ दलहरु नेकपा एमाले, एमाओवादी, लोकतान्त्रिक मधेसी मोर्चा, राप्रपा नेपाल लगायतका दलहरुको मत परेको थियो भने गुरुङलाई कांग्रेस बाहेक केही साना दलको मात्र मत परेको थियो । राष्ट्रपति निर्वाचनमा कुल ५९७ सांसद मध्ये ५४९ ले मतदान गरेका थिए । खसेको मतमा ८ मत बदर भएको छ । गृह जिल्ला भोजपुरबाट आइए उत्तीर्ण गरेकी जनताकी छोरी भण्डारीको वि.सं.२०१८ साल असार ५ गते भोजपुरको मानेभञ्ज्याङ-२ मा जन्मेकी हुन् । हाल व्यवस्थापिका संसदमा समानुपातिक तर्फबाट सदस्य रहेकी विद्या नेकपा एमालेको उपाध्यक्ष हुन् । उनी लामो समयदेखि अनेम संघको अध्यक्षसमेत रहँदै आएकी छिन् । त्यसैगरी उनी मदनभण्डारी फाउन्डेसनको पनि अध्यक्ष रहँदै आएकी छिन् । उनी अफ्रो एशियाली जनएकता संघको उपाध्यक्ष समेत छिन् । अब राष्ट्रपति बनेपछि विद्याले सम्हाल्दै आएका यी सबै जिम्मेवारीबाट नैतिकताका आधारमा हट्नु पर्नेछ । नेपाली सक्रिय राजनीतिमा क्रियाशिल भण्डारीलाई अवको जिम्मेवारी ओजपूर्ण छ । कुनै एक पार्टीको विचार र आस्थामा क्रियाशिल उनलाई अव राष्ट्रको साझा विचार र जिम्मेवारी पुरा गर्नुपर्ने दायित्व आइलागेको छ । यो उनका लागि गहन जिम्मेवारीको बिषय हो । अहिले मुलुकमा केही क्षेत्रिय दल र समूह नयाँ संविधानको विरोधमा आन्दोलनरत छ । संविधान निर्माणको विषयमा विरोध जनाउदै एउटा छिमेकीले नाकावन्दी गरेका कारण आमनागरिक पिडामा छन । राष्ट्रिय स्वाभिमानको प्रश्न गम्भिर रुपमा खडा भएको छ । मुलुक आफैमा सार्वभौम छ कि छैन् भन्ने प्रश्नको उत्तर नागरिकले खोजिरहेका छन् । जातीय, धार्मिक र क्षेत्रियतावादीहरुले मुलुकलाई विखण्डन गर्ने प्रयाश गरिरहेका छन् । यस्तो जटिल अवस्थामा निर्मित नयाँ संविधान बमोजिम निर्वाचित राष्ट्रपतिलाई राष्ट्रिय एकता, सामाजिक सद्भाव र मुलुकको सार्वभौमिकता लागि क्रियाशिल भइरहनुपर्नेछ । मुलुक संघियतामा गएको सन्दर्भमा आइपर्ने समस्यालाई अभिभावकत्व प्रदान गर्नुपर्ने र राष्ट्रिय सुरक्षाका लागि विशेष ध्यान दिनुपर्ने अवस्था त्यति सहज छैन् । संविधानको संरक्षकको हैसियतले छरपस्ट भएका राष्ट्रिय शक्तिहरुलाई जोडेर अहिलेको संकटपूर्ण घडीमा राष्ट्रिय एकता कायम गर्न सफल हुनु पर्ने मुल दायित्व छ । मुलुकको यस जटिल अवस्थामा गरिमामय राष्ट्रपति पदमा निर्वाचित राष्ट्रकी छोरी विद्या भण्डारीको आगामी कार्यकाल सोही रुपमा सफल बनोस् हार्दिक बधाई सहित शुभकामना !

आजको पञ्चाङ्ग

मिति २०७२ साल कार्तिक १४ गते शनिबार, तदनुसार नवेम्वर १ सन् २०१५, श्रीशाके १९३७, नेपाल संवत् ११३५, कीलकनामक: संवत्सर:, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । शरद ऋतु चलिरहेको छ । चान्द्रमान अनुसार कार्तिककृष्णापक्ष चलिरहेको छ । सौरमान अनुसार आज कार्तिककृष्णापक्षपक्षको पञ्चमी तिथि ११ घटि ९ पला अर्थात बिहानमा १० बजेर ४२ मिनेटसम्म त्यसउप्रान्त षष्ठी तिथि लाग्नेछ । आज सूर्य तुला राशिमा, चन्द्रमा मिथुन राशिमा अहोरात्र रहनेछ । आज दिनमान २७ घटि ४३ पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर १४ मिनेटमा रौद्र मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर १९ मिनेटमा हुनेछ ।

आजको राशिफल

मेष : विदेशबाट धन आउन सक्ने, गरेको कार्य सफल, पढाइबाट उत्कृष्ट नतिजा प्राप्त हुनेछ ।

वृष : शारीरिक पीडा थपिने, मानहानी हुन सक्नेछ, आम्दानीका श्रोतहरु घट्नेछन्, विशेष मान्छेबाट धोका हुन सक्नेछ

मिथुन : गुमेको धन फेला पर्न सक्नेछ, राजनैतिक सक्रियता बढ्नेछ, समग्रमा दिन शुभ छ ।

कर्कट : गर्न खोजेको कार्य असफल, मनमा तनाव बढ्नेछ, भ्रमण कठिनपूर्ण रहने, वाथ रोगले सताउने छ सतर्क हुनुहोला ।

सिंह : विदेशबाट आफनो मान्छे घरमा फर्कदा नयाँ चहलपहल, राजनैतिक क्षेत्रमा मन जानेछ, सामाजिक सहयोग मिल्ने ।

कन्या : साहित्यिक क्षेत्रमा सक्रियता बढ्ने, प्रेमिकासंग भेटघाट हुन सक्ने, वौद्धिक क्षेत्रबाट लाभ, आम्दानी राम्रो हुने ।

तुला : राजनीतिबाट खुशीका खबर प्राप्त, रमाईलो ठाँउमा भ्रमण, आर्थिक क्षेत्रको सोचाईले आम्दानीमा वृद्धि हुने ।

वृश्चिक : शत्रुहरु सक्रिय हुनेछन्, गरेको कामबाट जस नपाइने, काममा अनाश्यक टकराव खेप्नु पर्ने दिन शुभ रहने छैन ।

धनु : सोचेजति काम गर्न असफल, इष्टमित्रको विरोध झेल्नुपर्नेछ, जागिरबाट धोका हुन सक्ने चनाखो हुनुहोला ।

मकर : व्यारिक कार्य असफल, झगडाको मामिलामा फसिने, स्वास्थ्यमा खरावी, टाढाको भ्रमण नगर्नु वेश हुनेछ ।

कुम्भ : राजनीतिक तनाव हुनेछ, वैवाहिक कार्य असफल हुन सक्ने, नकरात्मक विचारले सताउनेछ ।

मीन : छिमेकीसंग कलह चर्किने, व्यापारबाट नोक्सानी, सामाजिक सम्मान पाउनबाट बञ्चित, दिन खराबछ ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

उपराष्ट्रपति नन्दकिशोरको नाफाको जीवन

दिल निसानि मगर

२०४३ सालतिर आफ्नै गाँउ रोल्पाको राङसीमा शिक्षक बनेर विद्यार्थी पढाउने नन्दकिशोर पुन मगर (पासाङ) २०७२ सालमा आइपुग्दा उनी नेपालको उप-राष्ट्रपति बनेका छन्। तर शिक्षक र उप-राष्ट्रपति बाहेक अरू धेरै चिजको उपमा उनको जीवनसँग गाँसिएको छ। ती उपमाहरू समयक्रम सँगै थपिएका छन्, खोसिएका छन्,बदलिएका छन्। बटालियन कमिसारबाट बदलिएर उनी बटालियन कमाण्डर बन्न पुगे, बिर्गेड कमान्डर,डिभिजन कमान्डर र डेपुटी कमाण्डर हुँदै तत्कालीन माओवादी जन-सेनाको प्रमुख कमाण्डरसम्म बने।

तर यी बदलिएका उपमा र समयहरू नन्दकिशोरको लागि सहज थिएनन्। शान्तिकालको प्रारम्भपछि प्रमुख कमाण्डरको भूमिकामा अस्थायी शिविरमा बसिरहेका उनी भन्ने गर्थे-हामीहरु नाफाको जीवन बाँचिरहेका छौं।' जनयुद्धमा उनको टाउकाको मूल्य तोकियो, शान्तिकालमा टाउकोको मुल्य रहेन। सायद उनले यसैलाई नै 'नाफाको जिन्दगी' भनेका होलान्। कुनै समय यस्तो पनि थियो-प्रहरी र सैनिकले उनको घर महिनामा १५ पटक खानतलासी गर्थे र वर्षमा २२३ पटक तोडफोड। यो खानतलासी र तोडपोडको कुरा २०५२ सालपछिको होइन, २०४८ साल अघिकै हो।

कम्तिमा २० भन्दा धेरै सरकारवादी झुठा मुद्दाले निकै आजित बनेका उनी लिवाङ पुलिस थानाको हिरासतमा बस्ने,निस्कने गरिरहेका हुन्थे। २०३९सालमा लिवाङमा स्कुल पढ्दै गर्दा अखिलको उप-केन्द्रीय सम्मेलनको रोल्पा जिल्ला प्रतिनिधि भएपछि विद्यार्थी भएर पनि कम्युनिष्ट राजनिति गर्ने ? भन्दै उनले धेरै हपकिदप्की सहनु पर्यो। २०४१ सालमा थवाङको प्रहरी थानामा ३ दिनसम्म पिटाई खाए। तर जति पिटाई खाएपनि विकट पहाडको दु:ख, गरिबि, अशिक्षा र भोकमरीको समस्यालाई वर्गीय रुपमा नियालिरहेका थिए नन्द किशोरले। उनी स्वंय पनि निकै गरिब परिवार जन्मेका थिए। यस्तो चपेटाको हल क्रान्ति बाहेक अरु हुन सक्दैन भन्ने उनलाई लाग्थ्यो।

२०४६ सालमा क्याम्पस पढ्न दाङ पुग्दा उनी लक्का जवान देखिन थाले। र उनको युवा दिमाखमा सुरोपना आयो। सुरोपना भनेको भूमिगत हुने हो तरगुफा भित्र लुकी रहने भन्ने मात्र होइन। भूमिगत जीवनमा मौका हेरेर प्रतिकार गर्ने हो, योजना बनाउने हो, बदलाको भावमा काम गर्ने हो। २०४८सालमा नन्दकिशोर भूमिगत भए अनि २०५१ मा आफ्नै गाँउको चप्का मेला हेर्न गएको बेला प्रहरीले उनलाई गोली हान्यो। उनी साथीभाइसँग मौलिकनाच 'पैसेरु' नाचिरहेका थिए, ड्याम्म गोली पड्कियो। कसो-कसो गरेर उनि उम्किए, तर उनलाई जोगाउन खोजेका अन्य दुईजना युवा लोकबहादुर घर्ती र मन बहादुर पुनको गोली लागेर मृत्यु भयो।

मृत्युको मुखबाट मुस्किलले बाँचेका उनले अब भने विजय प्राप्त नगरी बाहिर ननिस्कने प्रण गरे। २०५२ सालमा त जनयुद्धको घोषणा भैहाल्यो। त्यही युद्धको थालनी गर्दा निर्माण गरेको लडाकु दलको कमाण्डर पनि उनी नै हुन्। गाँउको स्कुलमा शिक्षक बनेर समाजसेवा गरिरहेका नन्दकिशोरलाई परिस्थितिले कमाण्डरको बाटोमा धकेलिदियो अनि हात-हतियार प्रविधिको खोजमा लागे। कालोपाटीमा चकले क, ख, ग, पढाइरहेका उनी थ्री नट थ्री राइफल, एसएमजी, सकेट बम, ट्वेल्बोर जस्ता हतियार आफैं बनाउन थाले। उतिबेला जनमुक्ति सेनाले प्रयोग गरेको ८१ एमएमको मोटार र त्यसमाप्रयोग गरिने सेलहरु उनकै निर्देशनमा बनेका हुन् ।

कतिपय मानिस भन्छन(युवा अवस्थामै जंगल पसेको नन्दकिशोर खासै पढे लेखेको छैन। तर यो अनुमान सत्य होइन। खुसीको कुरा के हो भने उनले त्रिभुवन विश्वविद्यालयबाट राजनीति शास्त्रमा एमए गरेका छन्। युद्धमा शैन्य शिक्षालाई विकास गर्न रामायण र महाभारत धेरै पटक पढेका छन्। शितयुद्धका किताब पढेका छन्। भूगोल र निश्चित स्थानको रेकी गर्नमा माहिर उनले एउटा माटोको ढिस्कोमा म्याग्दी सदरमुकाम बेनीको भूगोल उतारेका थिए। कुशल सैन्य प्रशिक्षक भएर पनि होला उनी पटक-पटक मृत्युको मुखमा पुगेर समेत बाँचे। तत्कालीन समयमा माओवादी लडाकु र सरकारीफौजबीच भिडन्त हुदाँ प्रत्येक पटक पासाङको मृत्यु भएको दाबी रेडियोमा बाचन हुन्थ्यो।

युद्धमा नन्दकिशोर मुलतस पार्टी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको दाहिने हात जस्तै थिए। प्रचण्डले जे भने पनि आदेश पालना गर्ने, मुखले बोलेरभन्दा ब्यवहारबाट पुष्टि गर्ने उनको स्वभावका कारण प्रचण्डले उनलाई आफूपछिको दोश्रो सैन्य कमाण्डरको रुपमा खडा गराएका थिए। इमान्दार, कुनै ठूला विवादमा नफसेका र धेरै महत्वकाङ्क्षा नबोकेका माओवादी लडाकुका कमै कमाण्डरमध्येका एक नन्दकिशोर जनुद्धमा भएका प्राय: सबै ठूला-ठूला युद्धमा प्रत्यक्ष

कमाण्डरको भूमिकासहित युद्ध मैदानमा खटेका हुन्। मिलिसिया देखि जनसेनाकोको निर्माण, तिनको विकास र परिचालन तथा कम क्षतिमा ठूलालडाईं सम्पन्न गराउने उनको विशेषता थियो।

२०६९ सालको चैत्र २४ गते राति ११ बजे रोल्पाको गाम गाविसमा रहेको तत्कालीन शाही नेपाली सेनाको ब्यारेक आक्रमण उनकै योजना रकमान्डमा भयो। त्यसैगरी २०५८ फागुन ४ गते अछामको मंगलसेनमा पनि आक्रमण गराए। २०६१ चैत्र ७ गते म्याग्दी सदरमुकाम माथिको भिषण आक्रमण पनि उनकै कमाण्डमा भएको थियो। यी सफल युद्धबाट प्रशस्त हात हतियार, गोली गट्ठा र नगद संकलन गरेर युद्धको उचाई अझै विकसित हुँदैगर्दा काठमाडौं नजिकै थानकोटमाथि आक्रमण हुन थालेपछि खासगरी तत्कालीन कांग्रेस सभापति गिरिजाप्रसाद कोइरला, एमाले महासचिवमाधवकुमार नेपालको पहलमा दिल्लीमा १२ बुँदे सहमतिको थालनी भयो।

ऐतिहासिक चुन्वाङ बैठकपछि तत्कालीन माओवादीले शान्तिको कार्यनीति र विद्रोहको रणनीति लिएर एक पटक शहर पस्ने निर्णय गर्यो। र त्यसको जग थियो त्यही १२ बुँदे सम्झौता। अहिले शान्ति प्रकृया नै गलत थियो भन्नेहरुलाई त्यही १२ बुँदे सम्झौता मन नपरेको हो। मुलत: चुनवाङ बैठकको सार भनेको शहर पसेर भासिने वा संसदीय व्यवस्थामा जाकिने भन्ने थिएन। बरू शान्ति र संविधानको चक्मा दिएर सडक र सदनमा संघर्ष बढाउने र जनविद्रोह सम्पन्न गर्ने थियो। जस अनुरुप थुप्रै लडाकु र तिनका कैयौं होनाहार कमाण्डरलाई वाइसिएलको रुपमा विकास त गरियो तर योजना असफल हुँदै गएपछि ती सबै तितरबितर बने। यद्यपि प्रचण्ड लडाकुको सर्वोच्च कामण्डरको पद त्यागेर पार्टी अध्यक्ष मात्र बने र नन्दकिशोर लडाकुको सर्वोच्च कमाण्डर। प्रचण्डले शान्ति, शान्ति र फेरि पनि शान्ति भट्याउन थालेपछि राजनैतिक विचारधारामा गम्भीर मतभेद पैदा हुन पुग्यो। र शान्तिकाल लागेपछि धेरैलडाकु कमान्डरले प्रचण्डको साथ छाडे, अर्का प्रभावशाली कमाण्डर नेत्रविक्रम चन्दले नयाँ पार्टी खोलेर चुनौति नै दिए। कोही सुन तस्करी काममालागे, कोही यार्सागुम्बा र रक्तचन्दन ब्यापार तथा लुटपाटमा लागे तर नन्दकिशोरले प्रचण्डको साथ कहिल्यै छाडेनन्। हुन त प्रचण्डको साथ छाड्नेकतिपय कमान्डरसँग राजनैतिक मत-भिन्नता र सैद्धान्तिक दृष्टिकोणका आधार पनि फरक थिए तर नन्दकिशोर र प्रचण्ड शान्ति सम्झौतालाई जसरी पनि समापन गरेर एक थान संविधान घोषणा गर्न लागिपरेका हुन्। नन्दकिशोरले सेना संमायोजन गर्न हुन्न भनेर कहिल्यै भनेनन्।

प्रचण्ड माओवादीले शान्ति प्रकृयालाई अक्षरश: पालना गरेसँगै सेना समायोजन जस्तो महत्वपूर्ण काम सम्पन्न भयो तर निकै नै कम सङ्ख्याका लडाकुलाई नेपाली सेनामा राखियो। अन्य बाँकी सरकारी राहत बुझेर आ(आफ्नो बाटो लागे। जोड्न खोजेको कुरा के हो भने सेना समायोजन निकै संवेदनशील विषय थियो,तर नन्दकिशोरले सुझबुझको प्रयोग गरेर हलको बाटोमा रोडम्याप देखाइदिए। अन्यथा शिविर भित्रै रक्तपातको अवस्था बन्नैलागेको थियो जुन कुरा अहिलेसम्म मिडियामा आएको छैन। र सेना समायोजनको काम पूर्ण रुपमा समापन भएपछि उनी पार्टीको राजनितिमा लागेपार्टीको स्थायी समिति सदस्यका रुपमा ।

तर उनको स्वास्थ्यमा अचानक गडबडी उत्पन्न भयो। असजिलो महसुस गरेपछि २०६९ जेठ १७ मा उनी जोरपाटि स्थित नेपाल मेडिकल कलेजमा जाँच गर्न गए । त्यहाँ उनको आइसियुमा राखेर उपचार भयो । अनि डाक्टरको रिपोर्ट आयो-उनका दुबै मृगौला काम गर्न नसक्ने भएका रहेछन्। डाक्टरले विदेश उपचार गर्न जान सल्लाह दिएपनि उनले मानेनन्। नेपाल मै मर्छु तर उपचार गर्नको लागि विदेश जान्नँ भन्ने उनको विचार थियो।अर्को राज्यको ढुकुटी खर्च गरेर व्याक्तिको उपचार गर्न हुँदैन भन्ने उनको मान्यता थियो। बिरामी अवस्थामै दोश्रो संविधान सभाका लागि काठमाडौंक्षेत्र नम्बर ४ बाट उम्मेदवारी दिए र तर चुनाव हार्नुपर्यो । अर्को कुरा रोल्पाको मानिस काठमाडौंबाट चुनाव लड्नु सामान्य कुरो पनि थिएन।

उनले चुनाव हारेपनि संविधान निर्माणमा उनको भूमिका सधैं प्रसंशनीय नै रह्यो। प्रचण्डलाई अनेक कोणबाट मद्दत दिए, ढाडस दिए। संविधानघोषणापश्चात् घरेलु राजनीति बाह्य शक्ति सन्तुलनको समिकरणमा देखा परेको आकस्मिक फेरबदलको अवस्थामा पनि उनी डगमगाएका थिएनन्। तर एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री हुने गरी एमाओवादी सरकारमा जाने भएपछि उनी मन्त्री हुने वा नहुने भन्ने बारे धेरै कोकोहोलो भयो। चुनाव हारेकालाई मन्त्री बनाउँदा संवैधानिक संकट देखिने हुँदा उनी उप-राष्ट्रपतिको उम्मेदवार बन्ने कुरा पार्टीले निर्णय गर्यो। तर यो निर्णय कतिपय एमाओवादीकै नेता, एकजना पूर्व सेनापति र अन्तर्राष्ट्रिय शक्तिलाई मन नपरेका कारण बुधबारका लागि निश्चित भएको चुनाव तालिका उप-राष्ट्रपतिका लागि मात्र शनिबार सारिएको सूचना टाँस भयो।

सभामुख ओनसरी घर्तीको हस्ताक्षरमा टाँस गरिएको उक्त सूचनामा प्रस्ट कारण नखुलाईए पनि कतिपयले उनलाई उपराष्ट्रपति हुन नदिनको लागि चलखेल गर्ने समय छुट्टाएको तर्क गर्न थालेका थिए भलै त्यो तर्क गलत साबित भयो। नेकपा एमालेसँगको सरकार गठनको सहकार्यका सन्दर्भमा नेता कार्यकर्ताहरू बीच मत मतान्तर के छन् ती कुरा प्रचण्डका लागि खासै महत्वपूर्ण कुरा त भएनन तर उनले एउटा जनजातिको छोरा जस्ले हिजो युद्धमात्याग, बलिदान र दुःख गर्यो, जोखिम उठायो र केही सकरात्मक परिवर्तनको निम्ति जीवनको अमूल्य समय खर्च गर्यो उसलाई उपराष्ट्रपति बनाएर सम्मान गरेका छन्, मर्यादा राखेका छन् ।

यसरी लामो संघर्षको दौड, अविचलित जीवन गाथा, प्रतिस्पर्धा र नेपालमा भएका ठोस परिवर्तनको मुख्य संवाहकको नाताले आखिरमा नन्दकिशोर उपराष्ट्रपति बनेका छन्। अर्थात् देशकै दोश्रो बरियातक्रममा रहेको एउटा सम्मानित पदमा उनी आसिन भएका छन्। उनलाइ यो पद दिएर नेपाल र नेपाली माथि ठूलो अन्याय भयो जस्तो मलाई लाग्दैन। हुन त एकदिन फल काटेर खान पाइन्छ होला भनेर उनी जीवन मरणको युद्धमा होमिएका हुँदैहोइनन्। आम गरिब, पीडित र शोषित जनताको पक्षमा नै उनले जीवनको मुख्य हिस्सा सुम्पेका हुन्। बरु उहिले उनको शान,मान र प्रतिष्ठा जति थियो,त्यो अहिले नहुन सक्छ। उनकै शब्दमा यो त उनको नाफाको जिन्दगी न हो।

साभार : सेतोपाटी

एभिया...

गतिमा उड्ने जहाज चाहिएपछि एभियाले अमेरिकामा बनेको ड्रागन जहाज भित्रयाएको उनले बताए । यो जहाजको उडानको 'स्पिड' अरुको भन्दा कम हुन्छ । त्यस्तै छोटो धावनमार्गमा पनि उड्न सक्छ । करिब २ सय मटिर लामो धावनमार्गमा यो जहाज उडाउन र अवतरण गराउन सकिन्छ । अरु जहाजलाई कम्तिमा ४ सय मिटर लामो धावनमार्ग चाहिन्छ । यो जहाजको उडान गति प्रतिघण्टा ५५ माइल (करिब ९० किलोमिटर) हुन्छ । १ सय हर्स पावर क्षमताको इन्जिन भएको यो जहाजमा पेट्रोलले चल्ने इन्जिन रहेको छ । 'ह्याङग्लाइडिङ' 'हावाको 'थर्मल' मा आधारित भएर उड्ने भएकोले मौसम अनुकुल हुनुपर्छ । ह्याङग्लाइडिङमा टेण्डम उडान पनि हुने भएकोले पाइलटसँग एकजना यात्रु मात्र उड्न मिल्छ । यो जहाजमा पनि पाइलट बाहेक एकजना मात्र उड्न मिल्छ । एभियाले ह्याङग्लाइडिङको परीक्षण उडानमा अल्ट्रालाइट जहाजबाट कामचलाउ गरेपनि स्थायी रुपमा यो जहाजबाट व्यवसायिक उडान गर्ने रिजालले बताए । उनका अनुसार अमेरिका र न्यूजील्याण्डमा यसको बढि प्रयोग छ । 'ह्याङग्लाइडिङ' को परीक्षण उडान भएपनि अब लौरुककै हवाइ मैदानबाट व्यवसायीक उडान गराइने उनले बताए । केहि दुरी दौडेर उड्ने र अवतरण गर्ने भएकोले यसका लागि फराकिलो र लामो मैदान आवश्यक पर्छ । रिजालका अनुसार यो जहाज 'स्काइडाइभ' गर्न लागि पनि उपयुक्त छ । स्काइडाइभमा पनि यसलाई प्रयोग गर्ने उनले बताए । एभियाले स्काइडाइभमा पनि अल्ट्रालाइट जहाज प्रयोग गर्दै आएको थियो । यो जहाज करिब १२ हजार ५ सय फिट उचाइसम्म पुग्न सक्छ ।

"रंगहरूको अन्तिम गन्तव्य"
आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
योर्स ट्रेड कन्सर्न
सर्वसूलभ तथा गुणस्तरीय सेवाको लागि हामीलाई सम्झनुहोस् !
फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रूचाईएको पेन्ट

पोखरामा पहिलो पटक
यौनबर्द्धक : लिङ्गको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुवैको लागि)
स्तन बढाउन, घटाउन, टाइट गर्न, गुप्ताङ्ग कसिलो बनाउन, पेटको चिरा हटाउन।
केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
Cuit Face बनाउन रुप अमृत (Inddian), Fair Look
उचाई बढाउन Step Up, Triple Height
तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।
ढाँड तथा जोर्नी दुखाई ठिक पार्न, सन्धी सुधा पेनलिल।
अब Facebook मा www.facebook.com/Pokhara Herbal Home
पोखरा हर्वल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919
फ्रि होम डेलिभरी

प्रो. वद्री के.सी. : ९८५६०२९८४६
प्रो. गोपाल बहादुर कार्का : ९८५६०३१८७२
प्रो. राजेश के.सी. : ९८५६०३७३१७
ईन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस
चापापानीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३०४
शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतवन्ध, पिकानक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फुल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्झनुहोस् ।
(हामीकहाँ २०० गाडी अटाउने पार्किङ पनि छ ।)

अनेक समस्या सफल उपचार
ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।
यौन समस्या:- सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।
महिला सम्वन्धि समस्या
महिनामारी गडवढी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाइट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्दतिबाट सफल उपचार ।
जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरता:- कालो चायाँ पोतो, डण्डिफोर, दाग धब्बा, मखिया, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।
दुब्लो पातलो शरिरको तौल बढाउने साथै मोटो पन घटाउने ।
थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिनास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दु:खाई ठिक पार्ने मसाज तेल ।
शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फ्रि होम डेलिभरि
फोन नं.०६१-५३१८६७, ०६-१२२९९९८, मो. ९८४६१३७४१८

आन्दोलनबाटै राजनीतिक शक्ति स्थापित गर्नुपर्नेमा जोड

गोल्डेन न्यूज संवाददाता
पोखरा १४ कार्तिक ।

नेपाल आदिवासी जनजाति महासंघका पुर्व महासचिव परशुराम तामाङले राजनीतिक शक्ति स्थापित नगरेसम्म अधिकार प्राप्त नहुने भएकाले आदिवासी जनजातिहरुले सशक्त आन्दोलन गर्नुपर्ने बताएका छन् । तमुवान आन्दोलनलाई सशक्त बनाउने उद्देश्यले तमुवान संयुक्त संघर्ष समिति तमुवान प्रदेशले शनिवार पोखरामा आयोजना गरेको परामर्श भेलामा बोल्दै तामाङले राजनीतिक शक्ति प्रमुख भएकाले अधिकार सुनिश्चित र पहिचान स्थापित गर्न आन्दोलनबाटै राजनीतिक शक्ति निर्माण गर्नुपर्नेमा जोड दिए । उनले नेपाली जनताको आन्दोलनलाई दवाउन भारत र चीनको कार्ड प्रयोग गर्नु नेपाल सरकारको नालायकीपन हो भन्दै देशको संकट मुक्ति र मुलुक संचालनका लागि आदिवासी जनजातिहरु जुट्नुपर्नेमा जोड दिए । देश चलाउन राज्य संचालकहरु असफल भएकाले लामो समयदेखि विभेदमा पारिएका आदिवासी जनजातिल लगायतले राजनीतिक शक्ति निर्माण गरी मुलुक संचालन गर्नुपर्नु उनको भनाई थियो । पहिचान स्विकार नगरेको संविधान मान्दैनौ भन्दै तामाङले अधिकार विहीन संविधानले आदिवासी जनजातिलाई टेक्ने धरातल नै ध्वस्त बनाइएको आरोप लगाए । संघीय गणतान्त्रिक जनमुक्ति पार्टीका केन्द्रीय सहअध्यक्ष समेत रहेका आदिवासी नेता तामाङले तमुवान पहिचान र अधिकारको साझा आन्दोलन भएकाले देशैभरका अधिकारमुखी आन्दोलनसँग मोर्चाबन्दी, आन्दोलनलाई नयाँ ढंगले विकास गर्न प्रादेशिक सम्मेलन र आन्दोलन खण्डित नभई एकात्मक राज्यसत्ताको केन्द्र काठमाडौं ठप्प पार्न देशैभरका आदिवासी जनजाति केन्द्रीत हुनुपर्ने सुझाव दिए । कार्यक्रममा तमु मुक्ति मोर्चाका केन्द्रीय उपाध्यक्ष जितबहादुर तमु मामाले तमुवानको आन्दोलन सशक्त बनाउन सामाजिक अभियान र तमुवानको अवरोधक तमुहरुलाई खवरदारी शुरुवात गर्नुपर्नेमा जोड दिए । नेपाल तामाङ घेदुङका पुर्व केन्द्रीय अध्यक्ष धनप्रसाद तामाङले तमुवानबासीले पोखरामा शुरु गरेको धर्म निरपेक्षताको आन्दोलनले देशैभर तरङ्गित गरे झै तमुवान आन्दोलनले गाँउ गाँउका जनतालाई राजनीतिसँगै साँस्कृतिक जागरण ल्याउनुपर्नेमा जोड दिए ।

कार्यक्रममा बोल्दै दीपक वाइबा तामाङले तमुवान प्राप्ति, अधिकार सुनिश्चितता, पहिचान स्थापित गर्नका लागि तमुवानकै आन्दोलनकारीको शक्ति र नेतृत्व सक्षम हुनुपर्ने बताए । कार्यक्रमका बक्ताहरुले जनस्तरसम्म आन्दोलन, सचेतना, प्रशिक्षण, संगठन, तमुवान पक्षधरको समन्वय, आन्दोलनरत पक्षहरुसँग मोर्चाबन्दी, आन्दोलन विरोधीलाई कारवाही लगायतका सुझाव दिएका थिए । तमुवान संयुक्त संघर्ष समितिका संयोजक हुमबहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा आदिवासी जनजाति अगुवा देवीराज तमु, भिम श्रीस मगर, तमुवान महिला संघर्ष समितिका अध्यक्ष पुष्पा गुरुङ, तामाङ घेदुङ कास्की अध्यक्ष सुवेदार हरिमान तामाङ, तमु प्ये ल्हु संघ कास्कीका कार्यवाहक अध्यक्ष ओमबहादुर गुरुङ, बौद्ध अर्घौ सदनका उपाध्यक्ष क्या.चन्द्रप्रसाद गुरुङ, ङ्योई तमु धिं लेखनाथका उपाध्यक्ष क्या. मेकबहादुर गुरुङ, उपमहासचिव सुवेदार नन्दबहादुर गुरुङ, भुजेल समाजका कुलबहादुर भुजेल, घले समाजका अध्यक्ष श्रीप्रसाद घले, थारु समाज कास्कीका अध्यक्ष असीलाल थारु, आदिवासी जनजाति महासंघ कास्कीका अध्यक्ष पानबहादुर घर्ती लगायतले आ-आफ्नो भनाइ राखेका थिए ।

कार्यक्रममा तमुवान आन्दोलन अनुगमन समितिका संयोजक सुन्दर गुरुङले संघर्ष समितिले उठाएको मुद्धा, आन्दोलनका चरणहरु र आन्दोलन सशक्त बनाउन भूमिकाका बारेमा अवधारणा प्रस्तुत गरेका थिए भने सचिव गजेन्द्र सुब्बाले कार्यक्रम संचालन गरेका थिए ।

मिसेस पोखरा सिजन–२ को उपाधि बस्नेतलाई

गोल्डेन न्यूज संवाददाता
पोखरा १४ कार्तिक ।

इभेन्ट्स फोर यु को आयोजना एबिस्स्का ईन्टरनेश्नल एजुकेसन कन्सल्टेन्सी तथा लायन्स क्लब अफ पोखरा मेट्रो सिटीको सहकार्यमा भएको मिसेस पोखरा सिजन-२ को अन्तिम प्रतिस्पर्धामा अप्सरा बस्नेतले उपाधि जितेकी छन । फास्ट रन र रश्मी गुरुङ तथा सेकेन्ड गीता गुरुङले हात पारेका छन । यस्तै मिसेस पक्चुयल बन्दना लामिछाने, बेस्ट कुक गीता गुरुङ, ह्यल्धी ह्यार उषा लामिछाने, डिसिप्लिनमा पूजा लामिछाने, बेस्ट क्याट वाक रश्मी गुरुङ र ट्यालेन्टको अवार्ड रुबी गौलीले प्राप्त गरेको सो प्रतियोगिता लायन्स क्लब अफ पोखरा मेट्रो सिटीका अध्यक्ष धर्म मान सिंह भण्डारीको सभापतित्वमा भएको थियो । प्रतियोगिता लायन्स क्लव अफ नेपालमा ३२५ बी १ का डिष्ट्रिक्ट गभर्नर धुबबहादुर थापा प्रमुख अतिथि रहेका थिए ।

कार्यक्रममा स्वागत मन्तव्य ईभेन्ट्स फोर यु का चियरम्यान विशाल गुरुङले गरेका थिए भने ध्वजाको अभिवादन आनन्दराज पौडेलले गरेका थिए । यस क्रममा संचारिका समूह पश्चिमाञ्चलकी अध्यक्ष जमुना बर्षा शर्मा तथा कास्की जिल्ला प्रहरी कार्यालयमा विगत २७ बर्षादेखि कार्यरत प्रहरी नायव निरीक्षक पार्वती नेपालीलाई सम्मान गरिएको थियो । कार्यक्रमको संचालन सुशिल नेपाली र रेखा पुरीले गरेका थिए ।

समुदायस्तरीय अनुकुलन योजना कार्यान्वयन अवलोकन भ्रमण

गोल्डेन न्यूज संवाददाता
पोखरा १४ कार्तिक ।

सामुदायिक वन उपभोक्ता महासंघ कास्कीको आयोजनामा शुक्रवार समुदाय स्तरीय अनुकुलन योजना कार्यान्वयन अवलोकन भ्रमण सम्पन्न भएको छ । भ्रमण अन्तर्गत लमजुङको सुन्दरबजार नगरपालिका वडा नं ८ स्थित ढोडेसिङ सामुदायिक वन उपभोक्ता समूह र तनहुँको जामुने ५ स्थित माउन्टेन तनहुँ सामुदायिक बेल तथा फलफुल प्रशोधन उद्योगका विभिन्न गतिबिधिको अध्ययन अवलोकन गरिएको छ ।

लमजुङमा भएको कार्यक्रममा बोल्दै सामुदायिक वन उपभोक्ता महासंघ लमजुङकी अध्यक्ष लोका अधिकारीले जिल्ला भर रहेका कुल तिन सय १८ वटा वन मध्ये तिन सय ६ वटा वन, सामुदायिक भइसकेको जानकारी दिँदै जिल्लामै ढोडेसिङ वन उदाहरणीय बनेको बताइन् । अधिकारीले व्यक्तिले कब्जा गरेको वन क्षेत्र फिर्ता गराउन सफल हुनु, सिकाई केन्द्र संचालन गर्नु, अनुकुलन योजना बनाएर लागु गर्नु, बार्षिक रुपमा वनक्षेत्रमा बृक्षारोपण गर्नु, वनक्षेत्रमा पोखरी निर्माण गर्नु लगायतका कार्य ढोडेसिङ वनका प्रशंसनीय रहेको पनि बताइन् ।

सामुदायिक वन उपभोक्ता महासंघ कास्कीका अध्यक्ष कालीदास सुवेदीले वनको सुशासन आंकलन, सम्पन्नता स्तरीकरण, वन विकास मार्गदर्शन, जलवायू परिवर्तन अनुकुलनका प्रयास लगायतका विषयमा विचार एवम् अनुभव आदानप्रदान गर्न आफूहरु लमजुङ पुगेको बताए । सामुदायिक वन उपभोक्ता महासंघ लमजुङका निवर्तमान अध्यक्ष खेम गुरुङले सामुदायिक वन उपभोक्ता समूहको काम, कर्तव्य र अधिकार माथि कार्यक्रममा चर्चा गर्दै उपभोक्ता समूहले वनको दिगो व्यवस्थापनमा जोड दिर्दै प्रयोग तर्फ ध्यान दिनुपर्ने बताए ।

सो अवसरमा ढोडेसिङ वनका अध्यक्ष बाबुराम केसी, पत्रकार हरी बास्तोला, पत्रकार श्रीभद्र पौडेल, वन समूहकी सचिव भवानी केसी लगायतले पनि आ-आफ्नो भनाइ राख्दै वनको सहि सदुपयोग हुनुपर्नेमा जोड दिएका थिए । यस्तै शुक्रवार तनहुँको जामुने ५ स्थित माउन्टेन तनहुँ सामुदायिक बेल तथा फलफुल प्रशोधन उद्योगमा भएको कार्यक्रममा बोल्दै उद्योग संयोजक विष्णुकुमार श्रेष्ठले वेलबाट उत्पादित जुसल उच्च रक्तचाप, मटुरोग, झाडा पखाला, आऊँ, ग्याष्टिक, कब्जियत, पाचन शक्तिमा सुधार, छालामा चमकता, मधुमेह रोगको उपचारमा सहयोग पुऱ्याउने जानकारी दिर्दै स्थानिय सिद्धबतासन, उमाचोक, भिरपानी, ज्याङट्याङ पधेरी, वरच्याङ र पोसेली गरी ६ वटा सामुदायिक वनको संयुक्त पहलमा प्रशोधन उद्योग स्थापना गरिएको बताए । प्रशोधन उद्योगका सचिव जगन पण्डितले प्राकृतिक रुपमा सामुदायिक वनमा भएको बेलको संरक्षण गरी आफूहरुले जुस उत्पादन गरिरहेको बताए ।

बेलको धार्मिक रुपमा पनि महत्व रहेको औल्याउदै सचिव पण्डितले समुदायको चार लाख ६० हजार र हरियो वन कार्यक्रमको रु. १२ लाखको लगानीबाट उद्योग स्थापना भएको जानकारी दिए । आफूहरुले उत्पादन गरेको वेलको जुस पोखरा, काठमाण्डौं लगायत स्थानीय बजारमा खपत हुर्दे आएको पनि उनले बताएका छन् । अन्य जुस भन्दा बेलको जुस निकै राम्रो रहेको उनले सो अवसरमा दाबी समेत गरेका छन् ।

खुशीको खबर !

के तपाईंलाई लागोभागो भई छेदभेद गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गउडो पार लगाउने देवी हुनुहुन्छ । साथै ढाड दुखेको, वाथ, शुत्री, बाँझोपन हटाउने ग्याष्ट्रिक,रक्सी छुटाउने औषधि समेत पाइन्छ । *महिनावारी भएको ७ दिन र जूठो परेको १ वर्षपछिमात्र आउने ।*

अकलादेवी चढेकी अधिकारी (मिरुवाचोक प्रतिक्षालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५९५९

अमेरिकन डेब्लोम्याटिक सेक्युरिटी तालिमको अवसर

१. State department एवं अन्य देशहरुबाट सेक्युरिटी तालिम प्राप्त, धेरै देशहरुमा सेक्युरिटी सुपर भाइजरका साथै सेक्युरिटी कन्सल्टेन्टमा काम गरेर अनुभव बटुल्नुभएका दक्ष, अनुभवी प्रशिक्षकबाट प्रशिक्षण गराइने ।
२. Dubai को DPS आवुधावीको PSBD कतारको Grup4 मकाउ, बहराइन, मलेसिया एवं Europe, America का deplometic Security तालिम छुट्टा–छुट्टै दिइने ।
३. व्यवहारिक एवं सैद्धान्तिक ज्ञान पूर्णरुपमा हासिल गराउने ।
४. शान्त वातावरणमा फराकिलो Classroom मा Securrity गार्डको Theory & Practical गराइने ।
५. अंग्रेजी भाषा सिकाउनुका साथै अंग्रेजी बोल्न सक्ने बनाउने ।
६. Interview का लागि तयारी बनाउने ।
७. तालिम पश्चात विदेश जानका लागि सर्टिफिकेट उपलव्ध गराइने ।
८. विदेश जान ईच्छुक हुनुहुने दाजुभाई तथा दिदीबहिनीहरुलाई परामर्श तथा प्रशिक्षण दिइने ।
९. नेपालमै विभिन्न संघसंस्था वित्तीय क्षेत्र बैंक, कलकारखाना, उद्योग, कलेज, स्कूल, हस्पिटलहरु आदि इत्यादि ठाउँहरुमा सेक्युरिटी गार्ड उपलव्ध गराइने ।

आर्मर ग्रुप सेक्युरिटी एण्ड सप्लायर प्रा.लि.

सम्पर्क : ९८४६३५५३४२ (डिसी अर्याल), ९८५६०२३८६२ (जितबहादुर)
९८०६७०८२४६, ९८०६७०८२४७, ०६१–५३०७२४ (अफिस)
(पृथ्वीचोकबाट १०० मिटर तल, एयरपोर्ट जाने बाटोमा, मुक्तिनाथ विकास बैंकको ठीक अगाडि, पोखरा विजनेश कम्प्लेक्सको दोस्रो तला)

Study in Japan
Intake for January & April-2016
City of your choice
Tokyo | Chiba | Nagoya | Fukuoko | Sendai | Osaka | Okinawa | Gunma ken & many more ...
& China
Dalian | Nantong
Free Processing for Master, Bachelor & +2 First Divison Students*
1. SLC मा उर्तिणले apply गर्न सकिने
2. Part Time Job ग्यारेन्टी
3. Work Visa मा Change गर्न मिल्ने
4. विश्वविद्यालय जान सकीने
5. NAT & JLPT Not required
6. IT Job-Guaranteed Course for IT bachelor Students
Contact: WE MAKE YOUR FUTURE BRIGHT
MIRAI INTERNATIONAL EDUCATIONAL CONSULTANCY
Mahendrapool, Bastholathar (Medicalline), Pokhara
061-520113, 9856046980, 9846646980
miraiinternational.edu.cons@gmail.com

नेपाल भेजेटेरियन सोसाइटीद्वारा कार्यालय स्थापना

गोल्डेन न्यूज संवाददाता
पोखरा १४ कार्तिक ।

नेपाल भेजेटेरियन सोसाइटी नेपालको पोखरा महेन्द्रपुलमा कार्यालय स्थापना भएको छ। कार्यालयको स्वतन्त्र पत्रकार संघ नेपालका केन्द्रीय अध्यक्ष कृष्णप्रसाद बास्तोलाले उद्घाटन गरेका थिए। त्यस अवसरमा प्रमुख अतिथि बाँस्तोलाले कार्यालय स्थापनाबाट नेपाल भेजेटेरियन सोसाइटीलाई व्यवस्थित रूपमा अगाडि बढाउन ठूलो टेवा मिलेको बताए। साथै, उनले शाकाहारी जीवन, स्वयं व्यक्तिको स्वास्थ्य, सामाजिक सद्भाव र वातावरणीय सन्तुलनका लागि उपयोगी रहेको बताए।

कार्यक्रमको अध्यक्ष तथा सोसाइटीका अध्यक्ष ऋषिराम सापकोटाले अहिंसाबाट मात्रै मानिसलाई सुख, शान्ति र अभय प्रदान हुने बताए। सोसाइटीका राष्ट्रिय प्रवक्ता लामा मिन गुरुङले भेजेटेरियन सोसाइटीमा जात, धर्म, वर्ग, सम्प्रदाय आदि कुनैको पनि विभेद नरहेको तथा हिंसा नगर्नु, सबै प्राणीको रक्षा गर्नु परम धर्म भएको उल्लेख गरे। कार्यक्रममा सहभागीहरुले शाकाहारी जीवनबाट भएको फाइदा बारे आफ्नो अनुभव सुनाएका थिए। लामा मिन गुरुबाट पञ्चशील वाचन भएको कार्यक्रमको सञ्चालन सोसाइटीका महासचिव महेश पराजुलीले गरेका थिए। कार्यक्रममा सोसाइटीको आजीवन सदस्यता लिने महानुभावहरुलाई प्रमाणपत्र वितरण गरिएको थियो। संस्थाका अध्यक्ष ऋषिराम सापकोटाले सोसाइटीको कार्यालयको लागि आफ्नै घरको कोठा उपलब्ध गराएका हुन्। कार्यालयमा उनले आफ्नो जीवन कालपछिसम्मको लागि भनेर १०० वर्षको लागि सोसाइटीको कार्यालय सञ्चालनको लागि कोठा अर्पण गरेको जानकारी दिए। सोसाइटी २०६९ सालमा जिल्ला प्रशासन कार्यालय कास्कीमा दर्ता भएको थियो।

रेडक्रस सोसाइटी उपशाखामा शुभकामना आदान–प्रदान

पोखरा १४ कार्तिक ।(गोल्डेन)

नेपाल रेडक्रस सोसाइटी उपशाखा १०, ११ ले विजयादशमी तथा शुभ दीपावली २०७२ को अवसरमा वडा कार्यालय वडा नं.१० को सभाहलमा एक समारोहका बीच शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रमका प्रमुख अतिथि नेरेसो जिल्ला शाखा कास्कीका मन्त्री कृष्ण तिमिल्सिनाले हेनरी ड्यूनाको तस्वीरमा माल्यार्पण र दीप प्रज्वलन गरी कार्यक्रमको उद्घाटन गरेका थिए । त्यस अवसरमा नेपाल रेडक्रस सोसाइटी युकेका उप-महासचिव मेख बहादुर गुरुङ्गलाई दोसल्ला, टिका, फूलमाला र सम्मानपत्रले टोल ससुधार समिति रामबजार र उपशाखा १०, ११ ले संयुक्त रुपमा सम्मान गरियो । कार्यक्रममा प्रमुख अतिथि कृष्ण तिमिल्सिनाले उपशाखा १०, ११ कार्य गर्ने तौरतरिका र टिमवर्क राम्रो भएकोले सधैं जिल्लामा उत्कृष्ट हुने र अन्य उपशाखाहरुमा समेत यस उपशाखाले गर्ने कार्यको अन्य उपशाखा पनि प्रभावित बन्ने बताए । कार्यक्रममा संस्थाका आजीवन सदस्य एवम् नगर महिला समन्वय समितिका अध्यक्ष पवित्रा गुरुङ्गलाई बधाई दिइएको कार्यक्रममा उपशाखाको भवनमा तला थप कार्यमा रामबजार १० निवासी प्रताप परियार र रामघाट पोखरा १० निवासी राम बहादुर केसीले जनही २५ हजार रुपैयाँ सहयोग हस्तान्तरण गरे । उक्त अवसरमा कल्याण शेरचन स्मृति प्रतिष्ठानका अध्यक्ष क्या.पूर्ण बहादुर हेल्मो, समाजसेवी मनविर गुरुङ्ग, नगर महिला समन्वय समितिका अध्यक्ष पवित्रा गुरुङ्ग, ओम शान्ति ब्रह्मकुमारी राजयोग प्रशिक्षण विश्वविद्यालय रामबजारका संचालिता गोमा दिदी, उपशाखाका उपसभापति गंगा कुँवर, सहसचिव कलावती शर्मा र महिला लैङ्गिक समाजसेवी समितिका अध्यक्ष नानीमाया गौतम लगायतले बोलेका थिए । उपशाखा १०, ११ का सभापति सम्मरबहादुर श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रमको संचालन सचिव सूर्य बहादुर बानियाले गरेका थिए ।

विदेश जानेहरूका लागि सुवर्ण अवसर

Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin दुवई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु–सम्पर्क गर्नुहोला ।

हाम्रा विशेषताहरू :- **अन्तर्वार्ता धमाधम भइरहेको छ ।**
❖शतप्रतिशत उत्तीर्ण गराउन सफल ❖आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराईने ।
❖१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल

सम्पर्क | **फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.**
पृथ्वीचौकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा विजनेश कम्प्लेक्स सटर नं. ३०,
फोन:०६१–५५०२५२, मो. ९८४६०–४१४९२

आयो टप्प टिप्यो, लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो । ईन्द्रै बिन्ती गरुन् झुकेर पदमा, त्यो बिन्ती मान्दैन त्यो ।।

हार्दिक समवेदना

जन्मः
वि.सं.२००७/०५/२६ गते

स्वर्गारोहण
वि.स.:२०७२/०७/०३ गते

स्व. चन्द्रकला सुवेदी

हाम्रा आत्मीय मित्र शिशिर (डिल्लीराज) सुवेदीकी ममतामयी आमा एवं सरस्वती सुवेदीकी ममतामयी सासुआमा **चन्द्रकला सुवेदी** को मिति २०७२ साल कार्तिक ०३ गते मंगलबारका दिन ६५ वर्षको उमेरमा असामयिक निधन भएकोमा हामी अत्यन्तै मर्माहत भएका छौं । उहाँको निधन भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै **हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भन्ने कामना गर्दै **हार्दिक समवेदना** प्रकट गर्दछौं ।

श्रीमान/श्रीमती देवेन्सन / पिंकी प्रजू
श्रीमान/श्रीमती अशोक / सुनिता रञ्जित
श्रीमान/श्रीमती किशोर / जुना पोखरेल
श्रीमान/श्रीमती सुशिल / चन्दा शाक्य
श्रीमान/श्रीमती राजेश / संगीता बुद्धाचार्य
श्रीमान/श्रीमती प्रदीप / रत्ना बज्राचार्य
श्रीमान/श्रीमती विश्व / शुष्मा श्रेष्ठ
श्रीमान/श्रीमती जगदीश/ कविता हमाल
श्रीमान/श्रीमती विपिन / रेजी बतास
श्रीमान/श्रीमती मनोहर / प्रीति श्रेष्ठ

पोखरा, कास्की

कण्डमको सहज उपलब्धतता र पहुँच बढाउने अभियान

गोल्डेन न्यूज संवाददाता
पोखरा १४ कार्तिक ।

एचआईभी यौनरोग तथा अनिच्छित गर्भ रहनबाट बच्नका लागि कण्डम सम्बन्धी जनचेतना बढाउने र कण्डमको सहज उपलब्धतता र पँहुच बढाउने अभियानका साथ शनिवार पोखरामा पनि राष्ट्रिय कण्डम दिवस मनाइएको छ। परिवारको आकार सिमित गर्न यौनजन्य सङक्रमणहरु एचआइभी तथा यौनरोगबाट बच्न कण्डम प्रयोगको दोहोरो उपयोगिताबारे प्रचारप्रसार गर्नु पनि यो दिवसको उदेश्य हो। हरेक वर्ष विभिन्न नाराका साथ यो दिवस मनाउने गरिन्छ। यस वर्ष दोहोरो सुरक्षाका लागि कण्डमको पहुँच बढाऔं भन्ने नारा तय गरिएको थियो। कार्यक्रममा बोल्दै जिल्ला जनस्वास्थ्य कार्यालय कास्कीका वरिष्ठ जनस्वास्थ्य प्रसाशक सागर घिमिरेले नेपालमा हाल ४० हजार ७ सय २३ जना एचआइभी सङ्क्रमित रहेको जानकारी दिदै

विभिन्न सरुवा रोगबाट बच्नको लागि पनि कण्डमको सहि उपयोग गर्नुपर्नेमा जोड दिए।

पश्चिमम क्षेत्र एचआइभी एड्स सञ्जालका सचिव दिलीप गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी कास्की शाखाका उप-निर्देशक खेमराज सापकोटा, एएचएफ की प्रतिनिधी विद्या खनाल, सामुदायीक कार्यकर्ता दिपकनाथ भण्डारी लगायतले कण्डम प्रयोगको महत्व बारे प्रकाश पारेका थिए।

यसअघि मानवअधिकार चोकबाट शुरु भएको सचेतना मूलक र्‍याली पोखरा वसपार्कमा आएर समापन गरिएको थियो। र्‍यालीमा कण्डममा पहुँच बढाँऔं, प्रयोग गरेको कण्डम जथाभावी नफालौं, कण्डम छ त, सुरक्षित जीवन छ लगायतका नारा लेखिएका लेकाड लिएका थिए। सोहि अवसरमा आयोजित कण्डम फुटाउने प्रतियोगितमा रोशन पाठक प्रथम, विद्या राई द्वितीय भएका रेडक्रस कास्कीका कार्यक्रम अधिकृत देवनारायण पौडेलले गरेका थिए। कण्डमको दुरुपयोग होइन सहि उपयोगको महत्वबारे जानकारी दिने उदेश्यले नेपालमा वि.स. २०५२ साल देखि कण्डम दिवस मनाउन थालिएको हो।

हरेक वर्ष यो दिवस हिन्दुहरुको महानपर्व विजयादशमीको कोजाग्रत पूर्णिमापछिको शनिवारका दिन मनाइने गरिन्छ। भारत, मलेसिया, जापान, चाइना लगायत देशका विभिन्न कम्पनीका कण्डम नेपालमा भित्रिएका छन्।

लुम्लेका पहिरो पीडितहरूलाई आर्थिक सहयोग

गोल्डेन न्यूज संवाददाता
पोखरा १४ कार्तिक ।

कास्कीको लुम्लेमा गएको श्रावण १३ गतेको पहिरोमा परी ज्यान गुमाएका परिवारलाई कास्की आदर्श सेवा समाज दोहा कतार, दुवई तथा नेपाली फुटवल टिम कतारवाट शनिवार राहत वितरण गरिएको छ। लुम्लेमा आयोजित कार्यक्रममा पहिरोमा परि ज्यान गुमाएका २८ जना तथा घाईते र घरवारविहीन भएका १३ जना गरि ४१ जनाको परिवारलाई ८ हजार ५ सय रुपैयाँका दरले वितरण गरिएको थियो। पहिरोवाट क्षति पुगेका ज्ञानोदय प्राविलाई ७५ हजार तथा जनजागृति प्राविलाई ५५ हजार रुपैयाँ समेत प्रदान गरिएको थियो। राहत वितरण कार्यक्रमका प्रमुख अतिथि नेपाल रेडक्रस सोसाईटी कास्कीका उपसभापति डण्डराज शर्माले विदेशी भूमिमा दु:ख गरेर कमाएको केही रकम जम्मा गरेर आफ्नो गाउँ ठाउँमा परेको विपत्तिमा सहयोग गर्ने समाजको कार्य प्रशंसनिय भएको वताए। सवैको सानो सानो सहयोगले गर्दा पनि पीडित परिवारलाई राहत पुग्ने हुँदा पहिरोमा परेर घरवार विहिन भएकाहरुलाई

सक्दो सहयोग गर्नुपर्ने तथा गाउँको पुन:निर्माण तुरुन्त गुनपर्ने धारणा शर्माको थियो।

कास्कीबाट वैदेशिक रोजगारीको क्रममा कतार तथा दुवई पुगेका नेपालीहरुले सन् २००४ मा स्थापना गरेको कास्की आदर्श सेवा समाज दोहा कतारका अध्यक्ष आस वहादुर गुरुङको सभापतित्वमा सम्पन्न कार्यक्रममा संस्थाका संस्थापक सचिव तिलक सापकोटा, केन्द्रिय सदस्य रामवहादुर विक, कास्की आदर्श सेवा समाज दुवईका महासचिव मनोज शाही, सार्दिखोला सेवा समाजका अध्यक्ष सिर्जन तामाङ्ग, नेपाली फुटवल क्लव कतारका अध्यक्ष सञ्जिव रानाभाट, संस्थाका केन्द्रिय सदस्य जीवन सुनार, पिडित परिवारका तर्फवाट स्थानिय टंकप्रसाद देवकोटा, संस्थापक सदस्य तथा कास्कीकोट सेवा समाजका पूर्व अध्यक्ष खिमवहादुर कार्की लगायतले वोलेका थिए। समाजले यसअघि पनि सार्दीखोलामा आएको वाढी पीडितहरुलाई १ लाख ४० हजार रुपैयाँ सहयोग गरेको समाजका संस्थापक सदस्य खिमवहादुर कार्कीले जानकारी दिए।

कैलाश सहकारीको चौथो साधारणसभा

गोल्डेन न्यूज संवाददाता
पोखरा १४ कार्तिक ।

कैलाश बचत तथा ऋण सहकारी संस्था लिमिटेड पोखरा कास्कीको चौथो साधारणसभा शनिबार सम्पन्न भएको छ। साधारण सभाको उद्घाटन गर्दै प्रमुख अतिथि कास्की बचत तथा ऋण सहकारी संघका अध्यक्ष भीम गुरुङले कैलाश सहकारी कास्कीकै उत्कृष्ट सहकारीमा पर्ने बताए। उत्कृष्ट सहकारी हुनलाई ठूलो कारोवार चाहिदैन उनले भने-यो सहकारीले कारोवार सगै उद्योग सञ्चालन गरेर कास्कीमा नमुना प्रदर्शन गरेको छ। उनले अब सहकारीहरुले कारोवार मात्रै नभई उत्पादनमा जोड दिनु पर्ने बताए।

लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष लक्ष्मीप्रसाद त्रिपाठीले संस्थाले उद्योगमा लगानि गरेर सराहनीय कार्य गरेको बताए। कार्यक्रममा उत्कृष्ट बचतकर्ता भोलानाथ सुवेदी, नन्दकला पौडेल, असल ऋणी टीकाराम पराजुली र उत्कृष्ट कर्मचारी राजु गुरुङलाई सम्मान गरिएको थियो। कार्यक्रममा प्रमुख अतिथ कास्की बचत तथा ऋण सहकारी संघका अध्यक्ष भीम गुरुङ र कैलाश बचत तथा ऋण सहकारी संस्था लिमिटेडका अध्यक्ष जीवन ढुङ्गानाले सम्मान पत्र प्रदान गरेका थिए। कार्यक्रममा अध्यक्ष जीवन ढुङ्गाना, कार्यवहाक सचिव टेकप्रसाद सुवेदी, कोषाध्यक्ष शिवहरि अधिकारी, लेखा समिति संयोजक तुलसीराम सुवेदीले प्रस्तुत गरेको प्रतिवेदन सभाले पारित गरेको थियो। संस्थाले कैलाश सहकारी फोटो फ्रेम उद्योग पनि सञ्चालन गरेको छ।

कार्यक्रममा कैलाश बचत तथा ऋण सहकारी संस्थाका संस्थापक अध्यक्ष नविनराज पौडेल, पोखरा फोटोग्राफर संघका अध्यक्ष गुरुप्रसाद तिवारी, सञ्चार बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष धनञ्जय पौडेल, कोपिला बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष श्यामप्रसाद पौडेल, विहानी बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष रामचन्द्र शर्मा, हाम्रो सहयोग बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष किसान सुनार, लेखा समिति संयोजक तुलसीराम सुवेदी, सल्लाहकार इन्द्रप्रसाद पौडेल शेयर सदस्य नन्दकला पौडेल, टीकाराम पराजुलीले बोलेका थिए।

कैलाश बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष जीवन ढुङ्गानाको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा कोषाध्यक्ष शिवहरि अधिकारीले स्वागत र कार्यवाहक सचिव टेकप्रसाद सुवेदीले कार्यक्रम सञ्चालन गरेका थिए।

उपराष्ट्रपतिमा...

थिए। काइँला छोरा दीपक भने *मूलघर पाल्लोपट्टिको घरमा पासाङले खनेको सुरुङअगाडि उभिएर उपराष्ट्रपति चुनिएको समाचार स्थानीय एफएममा सुनिरहेका थिए। (मूल घरबाट ठीक पाल्लोपट्टिको घरको भुइँतलाबाट झण्डै पचास मिटर टाढासम्म खनिएको सुरुङमा जनयुद्ध थालिएको अर्को वर्ष दीपक हतियारसहित पक्राउ परे। र, पुलिसले गोली हान्यो।) अहिले सुरुङ पुरिए पनि दीपकको गालामा बसेको गोलीको टाटा भने पुरिएको थिएन। टिभी बिग्रेर उपराष्ट्रपतिलाई देख्न नपाउँदा रामसुर चुकचुकाउँदै थिए। रोल्पाको राङ्सी ९ भन्भनेमा जन्मेको एउटा झिल्के ठिटो कमरेड लि फङहुँदै पासाङको नामले युद्धकालभर चर्चित भए र, आफ्नै मृत्युको सरकारी समाचार आफैले खन्डन गर्दै हिँडे। पचास बर्षीय पुनले न जनमुक्ति सेना प्रमुख हुन्छु भन्ने चिताएका थिए न त उपराष्ट्रपतिको कुर्सीमा पुग्ने कहिल्यै चिताएका नै। एमाओवादीले मन्त्री र उपराष्ट्रपतिमा उनको चर्चा थालेदेखि र उम्मेदवारी दर्तासम्म सामाजिक संजालका भित्ता उनको पक्ष र विपक्षमा रंगिए। युद्धकालका उनका फोटोले भरिए। उम्मेदवारी दर्ता गराउँदै पासाङले भन्दैथिए, 'लडाइँकै रुपमा लिएको छु हो, मलाई रोक्न प्रतिक्रियावादी लागेका छन्।'*

टेवलटेनिसका खेलाडी छनौट

पोखरा १४ कार्तिक ।(गोल्डेन)

सातौं राष्ट्रिय खेलकुद प्रतियोगिताको लागि हुने क्षेत्रीय प्रतियोगिताको लागि कास्की जिल्ला खेलकुद विकास समितिले टेबुलटेनिस खेलका खेलाडी छनोट गरेको छ। छनोट अन्तर्गत शनिबार पोखरा रगंशालामा भएको पुरुष एकल तर्फ अनुस कुवँर, सुमेस लामा, रुप गुरुङ र गोविन्द गुरुङ छनोट भए। त्यस्तै महिला एकल तर्फ पार्वती श्रेष्ठ, मनिषा श्रेष्ठ, मुना थापा र सुजाता पौडेल छनोट भएको कास्की जिल्ला टेबुलटेनिस संघका अध्यक्ष उत्तम जोशीले जानकारी दिए। कास्की जिल्ला खेलकुद विकास समितिको आयोजना र टेबुलटेनिस संघको ब्यवस्थापनमा भएको कार्यक्रमको उद्घाटन कास्की जिल्ला खेलकुद विकास समितिका अध्यक्ष यामबहादुर गुरुङले गरेका थिए। कास्की जिल्ला टेबुलटेनिस संघका अध्यक्ष उत्तम जोशीको अध्यक्षतामा उद्घाटन कार्यक्रम सम्पन्न भएको थियो। छनोटमा पुरुष तर्फ ३२ र महिला तर्फ २२ जनाले सहभागिता जनाएका थिए। छनोट भएका खेलाडीहरुले क्षेत्रीय छनोटमा सहभागिता जनाउने छन्।

ड्यामसाईडलाई मुख्य पर्यटनक्षेत्र बनाउनुपर्नेमा जोड

पोखरा १४ कार्तिक ।(गोल्डेन)

ताले ड्यामसाईड क्षेत्रको मुहार चम्कन लागेको तथा युवालाई खेलकुदको क्षेत्रमा स्थापित गराउन विभिन्न कार्य गरेको हुँदा आफ्नो तर्फबाट एक लाख सहयोग गरेको वताए। उनले एक लाख रुपैयाँको चेक सोही अवसरमा क्लवका अध्यक्ष पदमबहादुर ढकाललाई हस्तान्तरण गरेका थिए। क्लबका अध्यक्ष पदमबहादुर ढकालले सहयोगदातालाई धन्यवाद दिदैं सामाजिक कार्य गर्नु नै क्लबको मुख्य उद्देश्य रहेको र आगामी दिनहरुमा पनि क्लबलाई पूर्णरुपमा सहयोगको अपेक्षा रहेको वताएका थिए। कार्यक्रममा शुभकामना व्यक्त गर्दै क्लबका संस्थापक अध्यक्ष तथा हालै सम्पन्न राष्ट्रिय लिग विजेता फुटबल टिम थ्री स्टारका प्रशिक्षक राजेन्द्र तामाङले आफ्नो क्लबको सहयोगले नै राष्ट्रिय प्रतियोगितामा उत्कृष्ठ प्रशिक्षकबाट पुरस्कृत हुन सफल भएको वताए। सोही अवसरमा क्लबका दुबई संयोजक भुपेन्द्र थापाले क्लबलाई ३० हजार चार सय ५० रुपैयाँ र आरटी ट्रेनिङ सेन्टरलाई ४६ हजार चर सय रुपैया आर्थिक सहयोग प्रदान गरेका छन्। उनले उक्त रकम नगदै क्लबका अध्यक्ष पदमबहादुर ढकाल र आरटि ट्रेनिङ सेन्टरका प्रमुख राजेन्द्र तामाङलाई हस्तान्तरण गरेका थिए।

कार्यक्रममा ड्यामसाईड टोल विकास संस्थाका अध्यक्ष शिवजी वराल, क्लबका सल्लाहकार केशबराज वराल, ड्यामसाईड क्षेत्र सुधार समितिका सचिव महेन्द्र कुमार श्रेष्ठ लगायतले हरेक वर्ष थोरै थोरै कार्य गर्दै जानु पर्ने वताउँदै यस वर्ष अध्यक्षको प्रतिवेदनमा उल्लेख भएको राष्ट्र बैंक चोकमा एक सार्वजनिक शौचालय निमार्ण र ड्यामसाईड क्षेत्रमा सोलार वत्ती जडान गर्ने कार्यलाई सम्पन्न गर्नुपर्ने र सो कार्यकोलागि टोलवासीले क्लबलाई पूर्ा सहयोग गर्ने वताएका थिए। साथै क्लबले पर्यटन प्रबर्द्धन गर्नको लागि वर्षमा कम्तिमा पनि एक सडक महोत्सवको आयोजना गर्नुपर्ने, सरसफाईका कार्यक्रमलाई निरन्तरता दिनुपर्ने, सदस्यता वृद्धि गर्नुपर्ने लगायतका सुझाव दिएका थिए। साधारणसभामा अध्यक्ष पदमबहादुर ढकाल, सचिव रमेशप्रसाद वराल र कोषाध्यक्ष प्रताप गुरुङको प्रतिवेदनहरु पारित गरेको थियो। क्लबका अध्यक्ष पदमबहादुर ढकालको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत सल्लाहकार हरि गुरुङले र संचालन सचिव रमेशप्रसाद वरालले गरेका थिए।

जयएकतामा कार्की

पोखरा १४ कार्तिक ।

पोखराको चाउथेस्थित बेलचौतारामा रहेको जनएकता युवा क्लवको १५ औं साधारण सभाले अमृतबहादुर कार्कीको अध्यक्षतमा ११ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको छ। क्लवको उपाध्यक्षमा रेवती भण्डारी, सचिवमा निरज केसी, सहसचिवमा शंकरदेवी पौडेल, कोषाध्यक्षमा सुजन कार्की रहेका छन्। क्लवको सदस्यमा विरेन्द्र केसी, महेन्द्र कुँवर, प्रकाश गुरुङ, अशोक केसी, प्रेमा गुरुङ र किरण अधिकारी चयन भएका छन्।

भ्रमण गरौं पूर्वाञ्चल पुरा गरौं मनको रहर

❖ प्रत्येक सोमबार धरान ईलाम हुँदै ७ दिने दार्जीलीङ्ग सिक्किम टुर खाना बाससहित रु.१२०००।-मात्र
❖ प्रत्येक शुक्रबार ३ दिने हलेंसी महादेव दर्शन यात्रा खाना सहित रु.५०००।-मात्र
❖ नेपाल तथा भारतको तीर्थयात्रा तथा खानपान सहितको शैक्षिक भ्रमणहरु गराईन्छ ।

आयोजक
श्रीकृष्ण मनकामना तीर्थयात्रा कं.प्रा.लि.
प्रधान कार्यालय : इटहरी, सुनसरी
पोखरा सम्पर्क : होटल प्लानेटसगै, लेकसाइड, पोखरा
फोन : ९८५२०५७७२९, ९८५६०३९६३३, ०६१-४६४९१९

STUDY IN JAPAN
January/April intake 2016

→ High Visa Success rate
→ NAT/JLPT Optional
→ Audio/ Video को माध्यमबाट पढाइ
→ College/ City of your Choice
→ Free language / Documentation
→ हप्ताको 28 घण्टा काम कलेजले नै खोजिदिने
→ Gap भएकाले पनि Apply गर्न मिल्ने
→ जापानमा आफ्नै Hostel र अफिस भएको

कक्षाहरु धमाधम संचालन भइरहेको छ । तुरुन्त सम्पर्क

पोखरा अफिस : JLCC Japanese Language & Culture Center
Chipledhunga, Pokhara (सिटी सेन्टरको ठीक अगाडि)
Ph.:061-535738,9846042399,9803832009
जापान अफिस: Global food trading Co.Ltd.
Ohashi Minami-ko fukuoka-shi, fukuoka, Japan Tel-81922113668

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक **गंगाधर पराजुली**, निर्देशक **हरिमणि बराल**, संस्थापक सम्पादक **रीता गुरुङ**
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण **गोल्डेन अफसेट प्रेस**, चिप्लेढुंगा, पोखरा